# धार्चे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## माछिखोला, गोरखा
## गण्डकी प्रदेश, नेपाल

## औषधी तथा औषधीजन्य सामाग्री खरिद सम्वन्धी सिलबन्दी दरभाउ पत्र आव्हानको सूचना

**सुचना प्रकाशन मिति : २०७७।०२।२३**

यस धार्चे गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाहरुलाई आ.ब. २०७६।७७ को लागिआवश्यक पर्ने औषधी तथा औषधीजन्य पदार्थ शिलबन्दी दरभाउपत्रका माध्यमबाट आपूर्ति गर्नुपर्ने भएकोले ईच्छुक औषधी खरिद बिक्री सम्वन्धि ईजाजतपत्र प्राप्त व्यक्ति,फर्म,कम्पनी,व्यवसायी तथा संस्थाहरुले निम्न शर्तको अधिनमा रही दरभाउपत्र खरिद गरी शिलबन्दी दरभाउपत्र पेश गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समयमा यस कार्यालयबाट शिलबन्दी दरभाउपत्र फाराम रु. ३०००।- (रु.तीन हजारमात्र ) फिर्ता नहुने गरी तिरी अध्यावधिक गरेको व्यावसायदर्ता ईजाजतपत्र, स्थायी लेखादर्ता नम्बर (प्यान) प्रमाणपत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाण पत्र, आ.ब. ०७५।०७६ सम्मको कर चुक्ता प्रमाणपत्र, नागरिकताको छायाँ प्रति र रु.१० को टिकट टाँस गरिएको निवेदन पेश गरेपछि नियमानुसार सम्वन्धि शिलबन्दी दरभाउपत्र फाराम उपलब्ध गराईने छ ।

२. शिलबन्दी दरभाउ पत्र फाराम साथ लागत अनुमान अंकको ३ प्रतिशतले हुने रकम रु ७९,२००।- वा सुचनामा उल्लेखित रकम तल उल्लेख भए बमोजिम नघटाई धरौटी वापतको जमानत रकम यस कार्यालयको सिभिल बैंक धरौटी खाता न ०७५१०३५७०४१०४३ मा जम्मा गरेको सक्कलै भौचर पेश गर्नु पर्नेछ वा सिभिल बैंकबाट एक सय बीस (१२०) दिनको मान्य अवधि हुने गरी जारी भएको बैंक जमानत (बैंक ग्यारेन्टी) पेश गर्नु पर्नेछ ।

३. टिपेक्स लगाएको दरभाउपत्र मान्यहुने छैन ।

४. शिलबन्दी दरभाउपत्र दाताले दरभाउ पत्र फाराममा दररेट उल्लेख गर्दा मु.अ.कर बाहेकको रकम उल्लेख गर्नुपर्ने छ ।

५. दरभाउपत्र फाराम राखेको खाममा लाहाछाप लगाई खामको बाहिर पट्टि "धार्चे गाउँकार्यपालिकाको कार्यालय" नाम सम्बोधन गरी स्वास्थ्य संस्थाहरुबाट वितरण गरिने निशुल्क औषधी तथा औषधीजन्य पदार्थ आपूर्ति गर्ने सम्बन्धी कार्य गर्ने बारेको सिलबन्दी दरभाउपत्र" "भनि उल्लेख गर्नुपर्नेछ ।

६. दरभाउ पत्र दाखिला गर्नुपर्ने स्थान: धार्चे गाउँपालिकाको कार्यालय, माछिखोला, गोरखा ।

७. दरभाउपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति : सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२:०० बजे भित्र ।

८. दरभाउ पत्र खोलिने मिति : सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको २:०० बजे ।

९. दरभाउ पत्र खोलिने स्थान::धार्चे गाउँपालिकाको कार्यालय, माछिखोला, गोरखा ।

१०. दरभाउ पत्र खरिद गर्ने, दाखिला गर्ने तथा खोलिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा माथि उल्लेखित समयमा सो को भोलिपल्ट ।

११. घटीवाला वा बढीवालाको सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने अथवा रद्ध गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षीत रहनेछ ।

१२. ठेक्का सम्झौता भएपछि ठेक्का अवधिभर कुनै पनि मूल्य वृद्धिलाई मान्यता दिईने छैन ।

१३. नियमानुसार ठेक्का सम्झौता भएपछि मात्र अन्य दरभाउ पत्र दाताहरुको धरौटी फिर्ता दिईने छ ।

१४. अंक र अक्षरमा लेखिएको दररेटको व्यहोरा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।

१५. एक व्यक्ति वा फर्मलाई एक भन्दा बढी दरभाउपत्र खरीद गर्न दिइने छैन ।

१६. यस सूचनामा परेका कुरा यसै सूचना बमोजिम हुनेछ भने यस सूचनामा नपरेका अन्य कुराहरु सार्वजनीक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ (चौथो संसोधन समेत) तथा नेपालको अन्य कानुनी व्यवस्था अनुसार हुनेछ ।

| ठेक्का नं | योजनाको नाम | अनुमानित लागत | धरौटी रकम | दरभाउपत्रको मूल्य रु |
|---|---|---|---|---|
| DRM/05/076/077 | आत्यवाश्यक औषधी खरिद | रु २६,४००००।- | रु ७९,२००।- | रु ३०००।- |

**प्रमुख प्रशासकीय अधिकृत**